नेपाल सरकार

# खानेपानी मन्त्रालय

सिंहदरवार, काठमाडौं।

## खानेपानी महसुल निर्धारण आयोगको पदाधिकारी नियुक्तिको लागि दरखास्त आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/१२/२५**

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ३ बमोजिमको समितिको अध्यक्ष एवं सदस्य पदमा नियुक्त भै कार्य गर्न ऐन बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रस्तुत सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट) यस मन्त्रालयमा रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| सूचना नं. | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| ०१/०७७/७८ | अध्यक्ष | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग , व्यवस्थापन, अर्थशास्त्र वा वित्तीय व्यवस्थापनमा कम्तीमा स्नातक उपाधि हासिल गरी सार्वजनिक संस्थामा व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा बाह्र वर्षको अनुभव। |
| ०२/०७७/७८ | सदस्य | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र , वित्तीय व्यवस्थापन वा विश्लेषण , चाटर्ड एकाउण्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातक उपाधि हासिल गरी आर्थिक मूल्याङ्कन, लेखा वा वित्तीय विश्लेषण सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव। |
| ०३/०७७/७८ | सदस्य | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त (महिला, दलित र जनजाती)। |

**१. दरखास्त पेश गर्ने प्रक्रियाः**

खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि , २०७७ को अनुसूची-१ बमोजिमको दरखास्त फारम साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ। दरखास्त फारम यस मन्त्रालयको वेभसाईट **www.mows.gov.np** बाट download गर्न सकिनेछ।

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ख. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (विदेशी विश्वविधालयबाट शैक्षिक उपाधि हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत),

ग. वैयक्तिक विवरण,

घ. अनुभव खुल्ने कागजातको प्रतिलिपि,

ङ. अध्यक्षको हकमा खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको सुधार सहितको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्द नबढाई) र सदस्यको हकमा अनुसूची-४ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको कार्यसम्पादनलाई प्रभावकारी रुपमा अगाडी बढाउने अवधारणा पत्र (तीन हजार शब्द नबढाई) छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने,

च. खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि, २०७७ को दफा ४ बमोजिम अयोग्य नभएको।

छ. अध्यक्षको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा भएको।

**२. दरखास्त बुझाउने स्थानः** खानेपानी मन्त्रालय (प्रशासन महाशाखा), सिंहदरवार, काठमाडौं।

थप जानकारीका लागि टेलिफोन नं. ०१-४२११६५१

## अनुसूची-१

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

खानेपानी मन्त्रालय महशुल निर्धारण आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि अवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. नियुक्ति वा मनोनयन हुन चाहेको पदः

२. दरखास्त पेश गर्ने व्यक्तिकोः-

**(क) <u>व्यक्तिगत विवरण</u>**

नाम थरः-
नागरिकता नं., जारी मिति र नागरिकता जारी गर्ने जिल्लाः-
स्थायी ठेगानाः-
अस्थायी ठेगानाः-
जन्म मितिः-
सम्पर्क नं.:-
इमेलः-

**(ख) शैक्षिक योग्याको विवरण**

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | विशिष्टीकृत बिषय क्षेत्र | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ग) अनुभवः**

| क्र.सं. | पद | तह | कार्यालय/संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(घ) लेख रचना तथा अन्य प्रकाशन

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ङ) अन्य केही खुलाउनु पर्ने भएः

| क्र.सं. | पद | तह | कार्यालय/ संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(च) संलग्न कागजात तथा विवरणः

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

दस्तखतः............................

मितिः................................

## अनुसूची- ३

(दफा ५ को ३ सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजनाको नमूना**

१. नेपालमा खानेपानी सुविधा एवं खानेपानी महसुल निर्धारण गर्ने व्यवस्थाको विश्लेषण (SWOT Analysis)

२. खानेपानीको महसुल निर्धारणको सैद्धान्तिक अवधारणा

३. खानेपानी महसुल निर्धारण सम्बन्धमा विश्वमा प्रचलित अभ्यास एवं सो को तुलनात्मक विश्लेषण

४. खानेपानी महसुल निर्धारणसंग सम्बन्धित नीतिगत व्यवस्थाको विश्लेषण

५. नेपालको सन्दर्भमा खानेपानी महसुल निर्धारणका आधारहरुको विश्लेषण

## अनुसूची- ४

(दफा ५ को ४ सँग सम्बन्धित)

**अवधारणा पत्रको नमूना**

१. नेपालमा खानेपानी सुविधाको वर्तमान अवस्था

२. खानेपानीको महसुल निर्धारणको सैद्धान्तिक अवधारणा

३. नेपालमा खानेपानी महसुल निर्धारणको व्यवस्था एवं अवस्था

४. नेपालको सन्दर्भमा खानेपानी महसुल निर्धारणका लागि अवलम्बन गर्नुपर्ने आधारहरु